गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी, म्याग्दी

फोन नं. ०६९-५२०५२५
इमेलः healthofficemyagdi@gmail.com
वेबसाईटः phomyagdi.gandaki.gov.np

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

## सूचना नं. ०१/२०८३-०८४

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२१

प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको स्वीकृत कार्यक्रम "आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम" अन्तर्गत "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम देहायको पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिनभित्र आवेदन पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | १/०८३-८४ | मेडिकल अधिकृत | आठौं | १ (एक) |

१) योग्यताः
क) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।
ख) उमेर हदः आवेदन दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
ग) प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको ।

२) दरखास्त फारामः प्रदेश जनस्वास्थ्य कार्यालय, वेनी, म्याग्दीको वेभसाईट phomyagdi.gandaki.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ । साथै दरखास्त फाराम यस कार्यालयमा वा कार्यालयको इमेलः healthofficemyagdi@gmail.com मार्फत कार्यालय समयभित्र पेश गर्न सकिनेछ ।

३) दरखास्त दस्तुरः रू. १,२००।- (अक्षरेपी एक हजार दुई सय मात्र) दस्तुर बुझाएको सक्कल भौचर/रसिद आवेदन फारामसँग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।
क) कार्यालयको नामः प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दी, नेपाल ।
ख) कार्यालयको कोड नंः ३७००१४४०३४
ग) राजश्व शीर्षक नंः १४२२४ (परीक्षा शुल्क)
घ) बैंकः नेपाल बैंक लिमिटेड

४) दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरूः
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
ख) शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धाङ्कपत्रको प्रतिलिपि (समकक्षता खुलाउनुपर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ ।)
ग) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
घ) अनुभव भए सोको प्रमाणपत्र
ङ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
च) आवेदन फाराममा उल्लेख गरिएका अन्य आवश्यक कागजातहरू ।

५) दरखास्त दिने अन्तिम मितिः २०८३/०६/३० गते कार्यालय समयभित्र । यदि उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म पेश गर्न सकिनेछ ।

६) परीक्षाको किसिमः अन्तर्वार्ता (अन्तर्वार्ता तालिका कार्यालयको वेभसाईटमा प्रकाशन गरिनेछ ।)

७) तलबः प्रचलित कानुन बमोजिम सम्बन्धित तहको सुरु तलब स्केल ।

८) काम गर्नुपर्ने स्थान/निकायः मालिका गाउँपालिका-६, दरबाङ आधारभूत अस्पताल ।

९) अवधिः चालु आ.व. २०८३/०८४ को आषाढ मसान्तसम्म ।

१०) रितपूर्वक दर्ता हुन नआएका र म्याद नाघि प्राप्त हुन आएका आवेदनउपर कुनै कारवाही गरिने छैन । अन्य विषयहरू प्रचलित कानुन तथा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

थप जानकारीका लागि यस कार्यालयको
फोन नं. ०६९-५२०५२५/९८४००९०१५६/९८५७६५५२७४ मा सम्पर्क गर्न सकिनेछ ।

पदपूर्ति संयोजक
प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दी